# शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक

**<u>प्रस्तावना</u> :** शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ मा संशोधन</u> :** शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ (यस पछि मुल ऐन भनिएको) को दफा २ को खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएको छः-

"(ठ) "सेवा प्रदायक" भन्नाले प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम प्राधिकरणले तोकेको क्षेत्रभित्र सार्वजनिक यातायात सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमति प्राप्त फर्म वा कम्पनी सम्झनु पर्छ र सो शब्दले नगद रहित भाडा भुक्तानी प्रणालीको व्यबस्थापन, भाडा सङ्कलन तथा वितरण, विज्ञापन लगायत सार्वजनिक यातायात सञ्चालन सम्बन्धी अन्य सेवा प्रदान गर्ने फर्म वा कम्पनीलाई समेत जनाउछ।

**<u>स्पष्टीकरण</u>** : यस परिभाषाको प्रयोजनको लागि "प्रणालीको व्यवस्थापन" भन्नाले प्रणालीको विकास, आपूर्ति, जडान तथा सञ्चालनमध्ये एक वा सबै कार्य जनाउँदछ।

३. **<u>मुल ऐनको दफा ५ मा संशोधन</u> :** मुल ऐनको दफा ५ को उपदफा (१) को,-

(१) खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राखिएको छः-

"(ड) सम्बन्धित निकायको समन्वयमा बसपार्क, बिसौनी, डिपो, टर्मिनल, बस लेन, यात्रु प्रतीक्षालय तथा पार्किङस्थल, चार्जिङ स्टेसन, ट्राफिक बत्ती तथा सङ्केत चिन्ह राख्ने स्थान लगायत सार्वजनिक यातायात सञ्चालनसँग सम्बन्धित अन्य पूर्वाधारको लागि स्थान निर्धारण गर्ने।

(२) खण्ड (ण) को सट्टा देहायको खण्ड (ण) राखिएको छः-

"(ण) सार्वजनिक यातायातसँग सम्बन्धित निकायहरूको समन्वयमा सहरी क्षेत्रमा सञ्चालन हुने सार्वजनिक यातायातको एकीकृत रुट योजना तयार गरी नक्साङ्कन गर्ने, रुट निर्धारण गर्ने, रुट इजाजत जारी गर्ने, नवीकरण तथा खारेज गर्ने, सेवाको समयतालिका तथा न्यूनतम सेवा आबृत्ति (Service

Frequency) निर्धारण गर्ने, भाडा निर्धारणका आधार र मोडल तय गरी भाडादर निर्धारण गर्ने, यात्रुले सहज रूपमा भाडा तिर्न सक्ने वातावरण बनाउने तथा सोको कार्यान्वयन गर्ने गराउने र यसरी निर्धारण गरिएका रुट, समय तालिका तथा भाडादरको पालना भए, नभएको अनुगमन गर्ने।

(३) खण्ड (थ) को सट्टा देहायको खण्ड (थ) राखिएको छः-

"(थ) सार्वजनिक यातायातको लागि प्रयोग हुने सवारी साधनको मापदण्ड प्रचलित कानूनको अधिनमा रही तोक्ने र कार्यान्वयन गर्ने, गराउने,

(४) खण्ड (ल) पछि देहायको खण्ड (व), खण्ड (श), खण्ड (ष) र खण्ड (स) राखिएका छन्ः-

"(व) प्राधिकरणले यात्रुचापको आधारमा समय वा अवस्थाको वर्गीकरण गरी व्यस्त समय (पिक आवर), रातको समय वा विशेष अवस्थाका लागि सार्वजनिक यातायात सेवाको मापदण्ड बनाई सोबमोजिम सेवा प्रदायकसँग पूरक वा छुट्टै सम्झौता गरी कार्य गराउन वा सेवा प्रदायकलाई अनुदान उपलब्ध गराउन सक्नेछ।

(श) प्राधिकरणले यस ऐन कार्यान्वयनका लागि प्रचलित सार्वजनिक खरिद ऐन वा सार्वजनिक-निजी साझेदारी ऐनबमोजिम आवश्यक परामर्श वा गैरपरामर्श सेवा तथा अन्य खरिद समेत गर्न सक्नेछ।

(ष) प्राधिकरणले तोकेको क्षेत्रभित्र नेपाल सरकारको निर्णयबाट सञ्चालन हुने यातायात सम्बन्धी कार्यक्रम तथा योजना यस ऐनले तोकेको कार्यको प्रकृतिसँग दोहोरिन गएमा त्यस्तो कार्यक्रम वा योजना सम्वन्धित निकायसँगको समन्वयमा प्राधिकरणमार्फत सञ्चालन हुनेछ।

तर यस खण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरण र सम्बन्धित सार्वजनिक निकायको सहमतिमा जुनसुकै निकायबाट कार्यान्वयन गर्न बाधा पर्ने छैन।

(स) प्राधिकरणले यस ऐनबमोजिम कुनै कार्य गर्दा त्यस्तो कार्यको हदसम्म संघ, प्रदेश वा स्थानीय तहले प्रचलित कानूनबमोजिम प्रयोग गर्ने अधिकार समेत प्राधिकरणले प्रयोग गर्न सक्नेछ।"

४. **मुल ऐनको दफा १० को खण्ड (ज) मा संशोधन** : मुल ऐनको दफा १० को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

“(ज) सेवा प्रदायकबाट भाडा सङ्कलन तथा वितरण वापत उठ्ने सेवा शुल्क, विज्ञापन सेवा वापत उठ्ने रकम लगायत प्राधिकरणले लगाएको अन्य सेवा शुल्क, दस्तुर र जरिवाना बापत प्राप्त रकम।”

५. **<u>मुल ऐनको दफा १३ मा संशोधन</u> :** मुल ऐनको दफा १३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

“(२) उपदफा (१) बमोजिमको परिषद्मा देहायका अध्यक्ष तथा सदस्यहरू रहनेछन्ः-

(क) सङ्घीय यातायात वा यातायात व्यवस्थापन हेर्ने मन्त्रालयको मन्त्री -अध्यक्ष

(ख) बागमती प्रदेशको यातायात व्यवस्था हेर्ने मन्त्रालयको मन्त्री -वरिष्ठ उपाध्यक्ष

(ग) काठमाण्डौ र ललितपुर महानगरपालीकाको प्रमुखमध्येबाट एक जना प्रमुख (वार्षिक रुपमा पालैपालो) -उपाध्यक्ष

(घ) नेपाल नगरपालिका संघको शिफारिसमा काठमान्डौ, ललितपुर र भक्तपुर जिल्लाको नगरपालीकामध्येबाट एक जना प्रमुख -सदस्य

(ङ) सङ्घीय यातायात वा यातायात व्यवस्थापन हेर्ने मन्त्रालयको सचिव -सदस्य

(च) बागमती प्रदेश, यातायात व्यवस्थापन हेर्ने मन्त्रालयको सचिव -सदस्य

(छ) काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरणका, कार्यकारी प्रमुख -सदस्य-सचिव”

६. **<u>मुल ऐनको दफा १६ मा संशोधन</u> :** मुल ऐनको दफा १६ को,-

(१) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) कुनै विशेष कारणले बैठक बस्न नसक्ने अवस्था भएमा अध्यक्षले अघिल्लो आर्थिक वर्षको स्वीकृत बजेटको सीमाभित्र रही पहिलो त्रैमासिकसम्म नियमित तथा चालु प्रकृतिका खर्च लेख्न स्वीकृति दिन सक्नेछ र उक्त खर्च परिषद् बैठकबाट अनुमोदन गर्नु पर्ने,"

(२) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

“(ज) प्राधिकरण र नेपाल सरकार, सम्बन्धित प्रदेश, सरकार सम्बन्धित स्थानीय तह तथा शहरी यातायत क्षेत्रमा कार्य गर्ने संघ, संस्था, दात्री निकाय लगायतका अन्य निकायहरुबिच सम्पर्क अधिकारीको रुपमा काम गर्ने,”

७.	**<u>रुपान्तरण</u> :** मुल ऐनको ठाउँ ठाउँमा रहेका "सङ्घीय राजधानी शहरी क्षेत्र सार्वजनिक यातायात" भन्ने शब्दहरुको सट्टा "काठमाण्डौ उपत्यका सार्वजनिक यातायात" भन्ने शब्दहरु राखि रुपान्तरण गरिएको छ।